5th of march 25

National News

मुख्य समाचार

1) प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारले लगानीमा पूर्वधार र उद्योगहरूलाई सरह नै मानिसहरू, अर्थव्यवस्था र नवाचारलाई पनि प्राथमिकता दिएको भन्नुभएको छ।

2) सरकारले उत्तराखण्डमा सोनप्रयाग देखि केदारनाथ रोपवेको विकासलाई मंजूरी दिएकोछ जसपछि यात्राको समय 8- देखि 9 घंटा घटेर 36 मिनट मात्र हुनेछ।

3) पंचायती राज राज्य मन्त्री एस पी सिंह बघालले सरकारका योजनाहरूलाई धरातलमा लागू गर्नमा ग्राम पंचायत प्रतिनिधिहरूको महत्वपूर्ण भूमिका भएको भन्नुभएको छ।

4) साहित्य अकादमीको 7 देखि 12 मार्च सम्म नयाँ दिल्लीको रवीन्द्र भवनमा वार्षिक साहित्योत्सवको आयोजन गर्नेछ।

प्रधानमन्त्री –वेबिनार

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, सरकारले लगानीमा पूर्वधार र उद्योगहरूलाई प्राथमिकता दिए सरह नै, मानिसहरू, अर्थव्यवस्था र नवाचारलाई पनि प्राथमिकता दिएको छ। आज भिडियो कन्फरेन्स मार्फत रोजगारबारे बजट पछिको एक वेबिनार लाई संबोधित गर्दै श्री मोदीले मानिसहरूमा लगानीको लक्ष्य तीन स्वंभहरू – शिक्षा, सीप र स्वास्थ्य सेवामा आधारित रहेको भन्नुभयो। कैयन दशकहरू पछि भारतको शिक्षा प्रणाली महत्वपूर्ण परिवर्तनबाट गजरी रहेको छ उहाँले भन्नुभयो।

स्वास्थ्य केन्द्रहरू सम्म टेलीमेडीसिन सुविधाको विस्तार गरिन्दै भन्नुभयो।

डे केयर केन्सर केन्द्रहरू र डिजिटल स्वास्थ्य सेवा पूर्वधारको माध्यमले सरकारले गुणस्तरीय स्वास्थ्य सेवालाई अन्तिम होर सम्म लिएर जानु चाहन्छ। श्री मोदीले भन्नुभयो यस बजटमा घरेलु र अन्तर्राष्ट्रीय पर्यटनलाई बढ्वा दिन भनि केंपन् निर्णयहरू लिइएका छन्।

AI क्षमताहरूलाई विकसित गर्न भारतको एउटा राष्ट्रीय वृहत भाषा मोडल स्थापित गर्नेछ, उहाँले भन्नुभयो

प्रधानमन्त्री – उत्तराखण्ड

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि उत्तराखण्डको दौड़ाहा गर्नुहुनेछ। मुखवामा उहाँले गंगा माँको पूजा- अर्चना अनि दर्शन गर्नुहुनेछ। श्री मोदीले एउटा,crack र bike Rally लाई हरियो झण्डा देखाई शुभारम्भ गर्नु हुनेछ अनि हरसिलमा एक सार्वजनिक समारोहलाई संबोधित पनि गर्नुहुनेछ।

उत्तराखण्ड सरकारले यो वर्ष शीतकालीन पर्यटन कार्यक्रम शुरू गरेको छ।
हजारौं श्रद्धालुहरूले गंगोत्री, यमुनोत्री, केदारनाथ र बद्रीनाथका शीतकालीन निवासहरूको पहिले नै भ्रमण गरि सकेकाछन्। यस कार्यक्रमको उद्देश्य धार्मिक पर्यटन, स्थानीय अर्थव्यवस्था, होमस्टे र पर्यटन कारोबारलाई बढुवा दिनुहो।

क्याबिनेट ब्रीफींग

सरकारले सोनप्रयाग देखि केदारनाथ रोपवेको विकासलाई मंजूरी दिएकछ जुन 12 दशमलव 9 किलोमिटर लागी हुनेछ। आज नया दिल्लीमा मीडियालाई जानकारी दिदैं सूचना प्रसारण मन्त्री अश्विनी वैष्णवले यस परियोजनाको जम्मा लागत चार हजार करोड़ रूपियाँ भन्दा बढ़ि हुनेछ भन्नुभयो। उहाँले भन्नुभयो यस रोपवेले गर्दा तीर्थयात्रीहरूको यात्राको समय, 8-9 घंटा देखि घटेर 36 मिनट मात्र हुनेछ।
मंत्री वैष्णवले हेमकुण्ड साहिब रोपवेको पनि विकास गरिनेछ भन्नुभयो। उहाँले यस परियोजनाको जम्मा लागत 2 हजार 730 करोड़ रूपियां हुनेछ भन्नुभयो।

ग्राम पंचायत

पंचायती राज रारज्य मन्त्री प्रोफ़ेसर SP Singh ले भन्नुभएको छ सरकारका योजनाहरूलाई वास्तवमा लागू गर्नमा ग्राम पंचायत प्रतिनिधिहरूको महत्वपूर्ण भूमिका छ। नयाँ दिल्लीमा राष्ट्रिय सम्मेलनमा पंचायती राज मंत्रालयको आदर्श महिला हितैषी ग्राम पंचायत पहलको शुभारम्भ गर्दै उहाँले पंचायतहरूको कार्यशैली माथि प्रकाश पार्मुभयो र सबै पंचायत प्रतिनिधिहरूसित आफ्नो काममा मानकहरू पालन गरिने आग्रह गर्नुभयो।
यस अवसरमा मंत्री अनुप्रिया पटेलले सरकारले विकासको अवधारणामा परिवर्तन गरेको भन्नुभयो। उहाँले भन्नुभयो, महिलाहरूको नेतृत्वमा विकास सराकारको मुख्य फोकस हो जसले 2047 सम्म भारतलाई एक विकसित राष्ट्र बनिनुमा योगदान दिनेछ। विभिन्न मंत्रालयहरू, विभाग र संयुक्त राष्ट्र जनसंख्या कोष जस्ता अन्तर्राष्ट्रीय संगठनमा प्रतिनिधिहरूले यस क्रायक्रममा भाग लिएका थिए।

दिल्ली- राष्ट्रपति

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा वार्षिक सांस्कृतिक उत्सव विविधतामा अमृत महोत्सव को उद्घाटन गर्नुभयो। यस महोत्सवले विभिन्न क्षेत्रहरूको अनौठो परम्पराहरूलाई प्रदर्शित गर्दै राष्ट्रको विविध विरासतको उत्सव मनाउँछ। हाम्रा संवाददाता अनुसार यस महोत्सवको उद्देश्य, राष्ट्रपति भवनलाई सांस्कृतिक आदान प्रदानको केन्द्र बनाउनु हो जसले भारतको जीवंत विरासतलाई उसका नागरिकहरू नजिक लिएर जान सकियोस।

असम-भाषा

भाषाले संस्कृतिको प्रतिनिधित्व गर्छ र भाषा लुप्त हुने अर्थ, सभ्यता नै लुप्त हुनुहो। असमका मुख्यमन्त्री हिमन्त विश्व शर्माले आज गुवाहाटीमा पूर्वी र उत्तरपूर्वी क्षेत्रहरूका लागि संयुक्त क्षेत्रीय राजभाषा सम्मेलनमा यो कुरा भन्नुभयो। उहाँले भन्नुभयो, हिन्दी भाषा, सबै असमिया जनताको मुटु नजिक रहेकोछ अनि राम्रो समझका लागि भाषा, जटिल होईन तर सरल हुनुपर्छ। राजभाषा सम्मेलनलाई संबोधित गर्दै केन्द्रिय गृह राज्य मन्त्री नित्यानन्द रायले भाषा र संस्कृति कुनै पनि राष्ट्रको आत्मा र पहिचान हो अनि हामीलाई सम्पर्कका लागि हिन्दीका साथै अन्य भारतीय भाषाहरूको पनि उपयोग गर्नुपर्छ, भन्नुभयो।

साहित्य – महोत्सव

साहित्य अकादमीले 7 देखि 12 मार्च सम्म नयाँ दिल्लीको रवींद्र भवनमा वर्षिक साहित्योत्सव को आयोजन गर्नेछ।

यो एशियाको सबभन्दा ठूलो साहित्य महोत्सव हुनेछ। संवाददाताहरूसित कुराकानी गर्दै अकादमीका सचिव डा. के श्रीनिवास राव ले दिवसीय महोत्सवको उद्घाटन संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले गर्नु हुनेछ भनि बताए। देशमा विभिन्न भागहरूबाट 50 भन्दा बढ़ि भाषाहरूको प्रतिनिधित्व गर्ने 700 भन्दा बढ़ि लेखकहरूले यसमा सहभागी हुनेछन्। युवा लेखन, पूर्वोत्तर र आदिवासी लेखक, LGBTQ लेखक, कवि प्रकाशक र विभिन्न क्षेत्रका प्रमुख व्यक्तिहरू यसमा शामेल हुनेछन्। प्रवेश निःशुल्क हुनेछ।

स्टीव स्मिथ संन्यास

आस्ट्रेलियाली क्रिकेटका दिग्गज खेलाड़ी स्टीव स्मिथले एक दिवसीय अन्तर्राष्ट्रीय क्रिकेटबाट सन्यास लिने घोषणा गर्नुभएको छ। यसका साथै 14 वर्षको उनको घतलाग्दो करियरको अध्याय समाप्त भएकोछ।

Test रT-20 क्रिकेट खेल भने स्मिथले खेली नै रहनेछन्।

ICC Champions Trophy को सेमिफाइनल मा अस्ट्रेलिया भारतबाट चार विकेटले हारेको लगत्तैपछि उनले यो निर्णय लिएको हो।